# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, माघ २२ गते २०५७ साल (अतिरिक्ताङ्क ५५ (क)

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जांचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मिति २०५७ साल माघ २१ गते सुर्खेत जिल्लाको पैसट्ठी भन्ने ठाउँमा सम्माननीय प्रधान न्यायाधीश श्री केशवप्रसाद उपाध्याय तथा उहाँको भ्रमण दल माथि भएको साङ्घातिक आक्रमणका घटना सम्बन्धमा यथार्थ जांचबुझ गरी आफ्नो राय ठहरसाथ श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्य रहेको एक जाँचबुझ आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकार तथा कार्याविधि देहाय बमोजिम तोकेको छ ।

(१) आयोगको गठनः आयोगमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहने छन्:–

(क) सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री नरेन्द्रबहादुर न्यौपाने —अध्यक्ष

(ख) पूर्व प्रहरी महानिरीक्षक श्री हेमबहादुर सिंह —सदस्य

(ग) राष्ट्रिय अनुसन्धान विभागका पूर्व प्रमुख श्री बिष्णुराज पन्त —सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आयोगको काम, कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) सम्माननीय प्रधान न्यायाधीश श्री केशवप्रसाद उपाध्याय तथा उहाँको भ्रमणदल माथि २०५७ साल माघ २१ गते अपरान्ह सुर्खेत जिल्लाको पैंसट्ठी भन्ने ठाउँमा भएको साङ्घातिक आक्रमण सम्बन्धी घटनाको सम्पूर्ण आवश्यक पक्षको सम्बन्धमा प्रचलित कानून अनुसार तहकिकात तथा अभियोजन लगायतका फौज्दारी मुद्दाका काम कारवाहीमा बाधा नपर्ने गरी जाँचबुझ गरी सत्य तथ्य पत्ता लगाई आफ्नो राय ठहर सहित प्रतिवेदन पेश गर्ने।

(ख) अति विशिष्ट व्यक्तिहरूको सुरक्षा सम्बन्धी विद्यमान व्यवस्था पर्याप्त छ छैन, पुनरावलोकन गरी पर्याप्त छैन भन्ने देखिएमा के कस्तो थप सुरक्षा व्यवस्था आवश्यक हुन्छ, अध्ययन गरी सुझाव दिने।

(३) आयोगको कार्यावधिः आयोगको कार्यावधि आयोगले कार्यारम्भ गरेको मितिले १५ (पन्ध्र) दिन हुनेछ।

आज्ञाले,
श्रीकान्त रेग्मी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

9022